खाँडादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

☎ ९८५४०५६६००
☎ ९८५४०२३६००

## रोजगार सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७९ ।०३।२९)

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं./PMEP/३६३ मिति २०७९।०३।२२ गतेको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत अस्थायी दरवन्दीको रोजगार सहायकको पदपुर्ति गर्ने प्रयोजनका लागि २०७९/०३/२५ गते गोरखापत्रमा सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ। यस खाँडादेवी गाउँपालिकाको रोजगार सेवा केन्द्रका लागी आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागी निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७८-७९ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१.आवश्यक न्यूनतम योग्यताः**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्तिण भएको।

(ख) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

(ग) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

**२. दरखास्त दिने स्थानः-**

खाँडादेवी गाँउ कार्यपालिकाको कार्यालय ।

**३. दरखास्त दिने अन्तिम मितिः- २०७९।०४।१२ गते कार्यालय समय भित्र ।**

**४. आवेदनको दस्तुरः-** दरखास्त दस्तुर रु. ५,००/- (अक्षरुपी रु. पाँच सय मात्र) यस कार्यालयको लक्ष्मी बैङ्क, खाँडादेवी शाखामा रहेको खाता नं. ग-१.१ ०८५०३००००२६ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद आवेदनका साथ संलग्न गर्नुपर्ने ।

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा। (प्रारम्भिक योग्यताक्रममा छनोट भएका मात्र लिखित परीक्षामा समावेश हुन पाउने छन, छनौट परीक्षा कार्यक्रमको सूचना पछि प्रकाशित गरिनेछ।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- २ प्रति पासपोर्ट आकारको फोटो।
- कम्प्युटर सीप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धीत कार्य अनुभव भएमा प्रमाणपत्रको प्रतिलिपि ।

**७. सेवा सुविधा तथा अन्यः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा (१३) र (१४) बमोजिम हुनेछ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धी मापदण्ड २०७८ को दफा (११) बमोजिम हुनेछ।

नोटः- आवेदकको ढाँचा लगायत अन्य जानकारी www.pmep.gov.np, www.khandadevimun.gov.np मा उपलब्ध छ । थप जानकारी लिनु पर्ने भएमा ९८५४०४०६०० मा सम्पर्क गर्न सकिनेछ ।

.............................
नारायण लामिछाने
प्रमुख प्रशासकीय अधिकृत